आर्थिक मामिला मन्त्री

मानननीय डा. टकराज गुरुङले

गण्डकी प्रदेश सभा समक्ष प्रस्तुत गर्नुभएको

# बिनियोजन विधेयक-२०८२ मा समावेश हुने सरकारको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता

गण्डकी प्रदेश सरकार

## आर्थिक मामिला मन्त्रालय

२०८२ जेष्ठ १२

## आर्थिक मामिला मन्त्री
## माननीय डा. टकराज गुरुङले
## गण्डकी प्रदेश सभा समक्ष प्रस्तुत गर्नुभएको

# बिनियोजन विधेयक-२०८२ मा समावेश हुने सरकारको बजेट तथा कार्यक्रमका सिद्धान्त र प्राथमिकता

## गण्डकी प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय
## २०८२ जेष्ठ १२

**प्रदेश सभाका माननीय सभामुख महोदय,**

१. नेपालको संविधानको धारा २०७ मा प्रत्येक वर्ष प्रदेश सभा समक्ष राजस्व र व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था तथा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्त्व ऐन, २०७८ को दफा १० बमोजिम विनियोजन विधेयक, २०८२ मा समावेश हुने सरकारको बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न यस गरिमामय सभामा उपस्थित भएको छु।

२. विनियोजन विधेयकमा समावेश हुने सरकारको बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता पेश गर्नु पूर्व संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल निर्माणको क्रममा आफ्नो अमूल्य जीवन बलिदान गर्नुहुने महान शहीदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु। साथै, शासन प्रणालीलाई वर्तमान स्वरुपमा ल्याउन नेतृत्वदायी भूमिका खेल्नु हुने श्रद्धेय नेतागण र अग्रजहरुप्रति सम्मान प्रकट गर्दै राजनीतिक तथा सामाजिक परिवर्तनमा महत्वपूर्ण योगदान गर्नुभएका सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी एवम् नागरिकहरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

३. नेपालको संविधान र प्रचलित कानून बमोजिम विनियोजन विधेयक, २०८२ का सिद्धान्त र प्राथमिकता निर्धारण गरेको छु। नेपाल सरकारको सोह्रौं योजना, गण्डकी प्रदेश सरकारको

दोस्रो पञ्चवर्षीय योजना, दिगो विकासका लक्ष्यहरु, मध्यमकालीन खर्च संरचना, संयुक्त सरकारका मर्म र भावना, गण्डकी प्रदेशको समग्र सामाजिक, आर्थिक वस्तुस्थितिको विश्लेषण, शान्ति, स्थायित्व विकास र समुन्नतिको आकांक्षाका साथै राजनीतिक दलका घोषणा तथा प्रतिवद्धता र सरोकारवाला पक्षबाट प्राप्त पृष्ठपोषणलाई मार्गदर्शनका रुपमा लिएको छु।

**माननीय सभामुख महोदय,**

४. "आत्मनिर्भर र समुन्नत प्रदेशः सुखी प्रदेशवासी"को प्रादेशिक प्रतिवद्धता कार्यन्वयनमा सहयोग पुऱ्याउने दिशामा सिद्धान्त र प्राथमिकतालाई केन्द्रित गरेको छु।

अब म आगामी आ.व. २०८२/८३ को बजेट तथा कार्यक्रमको सिद्धान्त प्रस्तुत गर्दछु।

५. **संघीयताको सबलीकरणः** नेपालको संविधानले प्रदेश सरकारलाई दिएको अधिकार क्षेत्रभित्र रही कानून निर्माण तथा कार्यान्वयन गर्ने र संघ तथा स्थानीय तहसँगको साझा अधिकारका विषयमा आवश्यक समन्वय र सहकार्यको सिद्धान्त अवलम्वन गर्दै स्थानीय तहमा गरिने वित्तीय हस्तान्तरणलाई सरलीकृत गर्दै सम्बन्धित तहको दायित्व पूरा गर्ने गरी व्यवस्थित गरिनेछ।

६. **मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्तको कार्यान्वयनः** मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, सोह्रौं योजना, दिगो विकास लक्ष्य, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय

रुपमा गरिएका प्रतिवद्धताका साथै प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजनाले निर्दिष्ट गरेका विकास तथा समृद्धिका लक्ष्य हासिल गर्ने दिशामा केन्द्रित भई बजेट परिचालन गरिनेछ।

७. **सन्तुलित क्षेत्रगत विकासः** प्रदेश सरकारले सञ्चालन गर्ने विकास कार्यक्रममा भौगोलिक सन्तुलन कायम गरिनेछ। कृषि, वन, पर्यटन, खानेपानी, स्वास्थ्य, शिक्षा तथा अन्य पूर्वाधार क्षेत्रमा आवश्यकता र प्राथमिकताका आधारमा बजेट विनियोजनको प्रबन्ध मिलाइनेछ।

८. **राजस्व तथा प्राकृतिक स्रोतको समुचित व्यवस्थापनः** प्रदेशको राजस्व प्रणालीलाई न्यायपूर्ण, पारदर्शी र प्रविधिमा आधारित बनाई आन्तरिक आयलाई प्रदेशको आम्दानीको मूल आधारको रुपमा विकास गर्न विशेष जोड दिइनेछ। प्राकृतिक स्रोतको दिगो व्यवस्थापन तथा उपयोगबाट प्रदेश र स्थानीय तहले प्राप्त गर्ने लाभको न्यायोचित बाँडफाँट गर्न आवश्यक पहल गरिनेछ।

९. **समावेशी र समतामूलक विकासः** बजेट तथा कार्यक्रम निर्माण र कार्यान्वयन प्रक्रियामा प्रदेशका सबै वर्ग, लिङ्ग, जाति, क्षेत्र, समुदाय (विशेष गरी सीमान्तकृत, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, महिला) को समान पहुँच र सहभागिता सुनिश्चित गरी विकासका लाभहरूको न्यायोचित वितरणमा जोड दिइनेछ।

१०. **उत्पादनमुखी अर्थतन्त्र र रोजगारी सिर्जनाः** प्रदेशको समुन्नतिको लागि स्रोत र साधनको उच्चतम परिचालन गर्दै आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्न कृषि, वन, उद्योग, पर्यटन, सिचाँई तथा ऊर्जा क्षेत्रमा लगानी बढाइनेछ। व्यवसायीकता र उद्यमशीलता विकास मार्फत रोजगारीका अवसर सिर्जना गर्न युवा लक्षित सीपमूलक क्षमता विकास कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

११. **आवधिक योजनाहरुको प्रभावकारी कार्यान्वयनः** नेपाल सरकारको सोह्रौं योजना, प्रदेशको दोस्रो पञ्चवर्षीय योजना, दिगो विकास लक्ष्य, राष्ट्रिय विकासका लक्ष्य र प्राथमिकता कार्यान्वयनमा सघाउ पुऱ्याउने गरी बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ। प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले पहिचान गरेका विकासका प्रमुख संवाहक क्षेत्रहरु रूपान्तरणकारी आयोजना, क्षेत्रगत लक्ष्य र रणनीतिलाई बजेट मार्फत पूर्ण कार्यान्वयनमा लैजाने सिद्धान्त अवलम्वन गरिनेछ।

१२. **दिगो विकास र वातावरण संरक्षणः** हरित अर्थतन्त्रको विकासका लागि प्राकृतिक स्रोत र सम्पदाको संरक्षण र सम्वर्द्धनका साथै जलवायु परिवर्तन अनुकूलनका कार्यक्रमलाई जोड दिइनेछ। विकास निर्माणका कार्यक्रममा विपद् संवेदनशीलतालाई ध्यान दिंदै विपद् प्रतिरोधी पूर्वाधार निर्माणमा जोड दिइनेछ।

१३. **आयोजना तथा कार्यक्रमको प्राथमिकीकरणः** बजेट विनियोजनमा पुँजिगत कार्यक्रमलाई प्राथमिकता दिई चालु र वितरणमुखी

खर्चलाई निरुत्साहित गर्दै लगिनेछ। विस्तृत सम्भाव्यता अध्ययन भई डिजाइन एवं पूर्वतयारी सम्पन्न भएका आयोजनाहरू आयोजना बैंक प्रणालीमा प्रविष्टी गरी आवश्यकता र प्राथमिकताका आधारमा क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

१४. **सुशासन प्रवर्द्धन र सेवा प्रवाहः** प्रदेश सरकारबाट प्रवाह हुने सार्वजनिक सेवालाई प्रविधिमैत्री तथा नागरिकमैत्री बनाइनेछ। विकास आयोजना र सेवा प्रवाहमा नागरिकप्रतिको जवाफदेहीता एवम् उत्तरदायित्व स्थापित गरिनेछ। बजेट विनियोजन तथा खर्चका चरणमा वित्तीय सुशासन कायम गरिनेछ।

१५. **मानव संसाधन विकास र क्षमता अभिवृद्धिः** प्रदेश सरकार र स्थानीय तहमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिमा जोड दिइनेछ। उत्पादनशील स्रोत साधनको परिणाममुखी परिचालनबाट कार्यसम्पादनमा प्रभावकारिता कायम गर्न उत्प्रेरणा र प्रोत्साहन प्रणाली विकास गरिनेछ।

१६. **गरिबी न्यूनीकरण र मानव विकासः** गरिबीको रेखामुनि रहेका नागरिकहरूको पहिचान गरी उनीहरूको आयआर्जन वृद्धि, शिक्षा, स्वास्थ्य, आवास र सामाजिक सुरक्षामा पहुँच पुऱ्याउन लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ। मानव विकास सूचकांकमा सुधार ल्याउने गरी बजेट विनियोजन गरिनेछ।

१७. **निजी तथा सहकारी क्षेत्रको प्रवर्द्धन र साझेदारीः** प्रदेशको आर्थिक विकासको लागि लगानीमैत्री वातावरण सिर्जना गरी

निजी क्षेत्रलाई महत्त्वपूर्ण साझेदारका रूपमा अगाडि बढाइनेछ। सार्वजनिक-निजी- सामुदायिक साझेदारी मोडेलमा आयोजना कार्यान्वयन गर्न प्रोत्साहन गरिनेछ। प्रदेशको अर्थतन्त्रमा सहकारी क्षेत्रको योगदान वृद्धि गर्न उत्पादन, प्रशोधन र बजारीकरणमा आधारित सहकारीहरूलाई प्रोत्साहन र आवश्यक सहयोग प्रदान गरिनेछ।

**माननीय सभामुख महोदय,**

अब म विनियोजन विधेयक, २०८२ का क्षेत्रगत प्राथमिकता प्रस्तुत गर्दछुः

## आर्थिक क्षेत्र सुदृढीकरण

**१८.** सुदृढ प्रादेशिक अर्थतन्त्र निर्माणका लागि आवश्यक रुपान्तरणकारी रणनीति अवलम्बन गरी हस्तक्षेपकारी कार्यक्रमको रुपमा **इन्भेस्ट गण्डकी कार्यक्रम** मार्फत कृषि, वन, खानिजन्य वस्तुको उत्पादान तथा प्रशोधन गर्ने उद्योगमा बाह्य लगानी आकर्षण, रोजगारी वृद्धि र आर्थिक पूर्वाधार निर्माणको कार्य अगाडि बढाइनेछ।

१९. आर्थिक सम्भावना तथा अवसरका क्षेत्र पहिचान र विकास, आर्थिक पारदर्शिता तथा वित्तीय उत्तरदायित्व अभिवृद्धि, करको दायरा विस्तार तथा कर प्रणालीको आधुनिकीकरण मार्फत आन्तरिक स्रोत परिचालनलाई थप प्रभावकारी बनाइनेछ।

अर्गानिक कृषि पर्यापर्यटन तथा प्राकृतिक स्रोत (नदिजन्य पदार्थ, खानिजन्य पदार्थ, वनजन्य पदार्थ) लाई राजस्वको प्रभावकारी स्रोतको रुपमा विकास गरिनेछ।

## कृषि क्षेत्र

२०. तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता उच्च भएका कृषि उपजमा आत्मनिर्भरता र स्वच्छता कायम गर्दै कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण, र बजारीकरणका लागि हिमाली तथा उच्च पहाडी क्षेत्र, समथर टार एवं मधेशको भू-उपयोग सम्बन्धमा आवश्यक रणनीति तयार गरी कार्यान्वयन गरिनेछ।

२१. सहकारी संघ संस्थाहरुको पारदर्शीता तथा क्षमता विकासमा विशेष जोड दिइनेछ। कोपोमिस प्रणालीलाई पूर्ण कार्यान्वयन गरी सहकारी संघसंस्थाहरुको अनुगमन तथा नियमन कार्यलाई प्रभावकारी बनाइनेछ। निष्क्रिय रहेका सहकारी संस्थाहरु पहिचान गरी मर्जर प्रक्रिया मार्फत सुधार वा खारेजी प्रक्रिया अगाडि बढाइनेछ।

२२. स्थानीय उत्पादनको ब्राण्डिङ्ग र बजारीकरण, कृषि बजारको व्यवस्थापन, प्रवर्द्धन र आधुनिकीकरणका लागि भूमि बैङ्कको स्थापना र परिचालन मार्फत उत्पादन र रोजगारी अभिवद्धि गरिनेछ।

**वन वातावरण**

२३. जैविक विविधता व्यवस्थापनको लागि वन डढेलो रोकथाम, संरक्षण पोखरी निर्माण, तटबन्धन निर्मण, अतिक्रमण नियन्त्रण, सीमसार क्षेत्र संरक्षण र व्यवस्थापनमा जोड दिइनेछ। वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गरिनेछ।

२४. जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न कृषक एवं ग्रामिण क्षेत्र लक्षित कार्यक्रम सञ्चालन गरिनेछ। वनको पर्यावरणीय प्रणालीलाई सन्तुलित अवस्थामा राख्नका लागि समुदायसँग सहकार्य गरिनेछ। पूर्वाधार विकासलाई विपद् प्रतिरोधी र उत्थानशील बनाईनुका साथै वातावरणमैत्री विकास प्रणाली अवलम्बन गरिनेछ।

**पर्यटन तथा उद्योग**

२५. मर्स्याङ्गदी र कालीगण्डकी नदि उपत्यका तथा जलाधार क्षेत्रमा सुरक्षित एवं सघन बस्ती विकास कार्यक्रमका लागि रणनीतिक योजना तयार गरी कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा, उद्योग व्यावसायको लागि आर्थिक केन्द्रको रुपमा विकास गरिनेछ। स्थानीय प्रम्परागत सीप र प्रविधिलाई आधुनिक प्रविधिसँग जोड्दै उत्पादन वृद्धिलाई प्राथमिकता दिइनेछ।

२६. दिगो पर्यटन विकास तथा विस्तारका लागि पर्यटकीय गन्तव्यहरुको विद्युतीय नक्साङ्कन, प्रवर्द्धन, सौन्दर्यकरण र

बजारीकरण गरिनेछ।पर्यटकीय राजधानी पोखरा र प्रदेश भित्रका सबै पर्यटकीय गन्तव्यस्थलहरु बीच सम्बन्ध स्थापित गरिनेछ। उच्च पहाडी तथा हिमाली क्षेत्रमा पदमार्गको स्तरोन्नति गरिनेछ। वैकल्पिक पदमार्गको पहिचान, विकास र दिगो व्यवस्थापन गरिनेछ।

२७. पर्वतारोहण पर्वद्धनका लागि हिमचुचुराको पहिचान, र पहाडी भेगका सघन बस्तीहरुमा सांस्कृतिक एवं ग्रामिण पर्यटन विकासका लागि हिलस्टेशन निर्माणमा जोड दिइनेछ।साथै हिमाल, चट्टान, गुफा, जलविहार आदिमा आधारित सहासिक पर्यटन विस्तारलाई प्राथमिकता दिइनेछ।

**स्वास्थ्य क्षेत्र**

२८. आधारभूत स्वास्थ्य सेवालाई सबैको पहुँचमा पुऱ्याउने, स्वास्थ्य संस्थाहरूको स्तरोन्नति, स्वास्थ्य उपकरण व्यवस्थापन र स्वास्थ्यकर्मीको क्षमता विकासका कार्यक्रमहरूमा जोड दिइने छ। प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाको सुदृढीकरणका साथै पहुँच अभिवृद्धि गर्न नमूना संकलन केन्द्रहरु स्थापना गरी सेवालाई सहज र सुलभ बनाइनेछ।

२९. मानसिक स्वास्थ्य समस्या रोकथाम तथा व्यवस्थापनका लागि समुदायस्तरमा मानसिक स्वास्थ्य सचेतना सहित मानसिक स्वास्थ्य सेवा विस्तार गरिनेछ। जलवायु संवेदशील रोगहरुको सक्रिय खोजपडताल, प्रतिकार्य तथा एकीकृत निगरानीलाई

प्रभावकारी बनाइनेछ। साथै, उच्च भेगीय स्वास्थ्य कार्यक्रम र विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

३०. स्वास्थ्य सेवा प्रणालीमा सूचना प्रविधिको पूर्ण उपयोग गर्दै इलेक्ट्रोनिक हेल्थ रेकर्डस् (Electronic Health Records) प्रणाली सुदृढीकरण, विद्युतीय प्रणालीमार्फत गर्भवती अनुगमन तथा स्वास्थ्य सम्बन्धी अध्ययन तथा अनुसन्धनात्मक कार्यहरु गर्न प्रदेश स्तरमा संस्थागत क्षमता विकास गरिनेछ ।

३१. आयुर्वेद चिकित्सालयहरूमा पूर्वकर्म, योग, अकुपञ्चर, आम्ची, स्वस्थ जीवनशैली लगायतका सेवाहरू एकीकृत रूपमा सञ्चालन र विस्तार गरिनेछ। आयुर्वेद औषधि उत्पादन गर्न सम्भाव्यता अध्ययन र औषधि उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

## शिक्षा तथा संस्कृति

३२. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि र प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुँच विस्तारका कार्यक्रमहरूलाई प्राथमिकतामा राखिनेछ। अभिभावक शिक्षा साथै ध्यान तथा योग शिविर सहितको अभिभावक, शिक्षक विद्यार्थी जागरण अभियान सञ्चालन गरिनेछ।

३३. शिक्षा प्रणालीको रूपान्तरणका लागि व्यावसायिक, प्राविधिक, जीवनोपयोगी, व्यवहारिक र नैतिक शिक्षा प्रवर्द्धनमा विशेष

कार्यक्रम सञ्चालन गरिनेछ। हिमाली तथा दुर्गम क्षेत्रमा आवासीय विद्यालय विकास कार्यक्रममा जोड दिइनेछ।

३४. प्रदेशभित्र रहेका ऐतिहासिक, पुरातात्विक एवं सांस्कृतिक संग्राहलायको स्तरोन्नति गरी आन्तरिक आय अभिवृद्धि गर्ने र धार्मिक आस्थाका सम्पदाहरुको संरक्षण मार्फत हेरिटेज पर्यटन पर्वद्धनलाई प्राथमिकता दिइनेछ। विभिन्न मातृभाषाका लिपीहरुको खोज अनुसन्धान र विकासमा जोड दिइनेछ।

**सामाजिक समावेशीकरण र संरक्षण**

३५. महिला तथा पछाडि परेका वर्गको सशक्तीकरण र मूलप्रवाहीकरणका लागि निरोधात्मक तथा प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। बालबालिका माथि हुने भेदभाव, हिंसा, शोषण, दुर्व्यवहारमुक्त वातावरण निर्माणका लागि अभियानमूलक कार्यक्रम सञ्चालन गरिनेछ।

३६. अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, एकल महिला, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, श्रमिक, पिछडिएका, परित्यक्त, सहयोगापेक्षी सडक मानव, जोखिममा परेका वर्ग र अशक्तहरुको सशक्तिकरण, क्षमता विकास तथा सामाजिक संरक्षणका कार्यक्रमलाई विशेष प्राथमिकता दिईनेछ। प्रदेश सरकारबाट उपलब्ध गराउँदै आएको स्वास्थ्य उपचार सहायता कार्यक्रमलाई बीमामा आवद्ध गर्न जोड दिइनेछ।

## उद्यम र युवा

३७. युवा उद्यमशील र नवप्रवर्तन का लागि क्षमता विकासका विशेष कार्यक्रमहरुमा जोड दिइनेछ। उद्योग, व्यवसाय र बैङ्क तथा वित्तीय क्षेत्रसँग अन्तरसम्वाद र सहकार्यको माध्यमबाट आर्थिक क्षेत्रलाई थप चलायमान बनाइनेछ।

३८. युवा जनशक्तिलाई प्रादेशिक श्रमबजारमा आकर्षित गर्न प्रतिस्पर्धात्मक लाभका क्षेत्र तथा सूचना प्रविधिको क्षेत्र मार्फत रोजगारी सिर्जनालाई जोड दिइनेछ। औपचारिक तथा अनौपचारिक क्षेत्रका श्रमिकलाई सामाजिक सुरक्षाका कार्यक्रममा आवद्ध गर्न प्रोत्साहित गरिनेछ। सुरक्षित वैदेशिक रोजगारिका लागि सीपमूलक तथा क्षमता विकास र वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

३९. प्रदेशभित्र खेलकुद पूर्वाधार विकास, सहासिक खेल तथा अन्य खेल प्रतिभाको पहिचान र प्रवर्द्धन, जस्ता कार्यक्रमलाई जोड दिइने छ। युवा परिषद् गठन गरी प्रदेश विकासमा युवाहरुको सहभागिता अभिवृद्धि गरिनेछ। युवाहरुमा नैतिक शिक्षा, व्यावसायिकता र उद्यमशीलता विकास गर्न क्षमता विकासका कार्यक्रममा जोड दिइनेछ।

## पूर्वाधार तथा यातायात क्षेत्र

४०. दिगो र सुरक्षित पूर्वाधार नीति तर्जुमा, योजना तथा मापदण्डको निर्माण, पूर्वाधार विकास आयोजनाहरुको प्रभावकारी व्यवस्थापन

र प्रादेशिक सडक सञ्जालको नक्साङ्कन, विकास एवम् स्तरोन्नती गरिनेछ।प्रदेशभित्रका रणनीति महत्वका सडकहरुको निर्माण तथा स्तरोन्नति मार्फत अन्तर जिल्ला तथा ग्रामिण क्षेत्रको कनेक्टिभिटी बढाउने कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ।

४१. प्रदेशका रणनीतिक तथा रुपान्तरणकारी आयोजनाहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। नेपाल सरकार र स्थानीय तहसँग आयोजनागत दोहोरोपना नहुने गरी बजेट विनियोजन गरिनेछ।प्रदेश सरकारले पहिचान गरेका वा प्राथमिकतामा राखेका गौरवका आयोजनाहरूको कार्यान्वयनमा देखिएका अवरोध हटाउँदै समयमै सम्पन्न गर्नका लागि पर्याप्त बजेट र विशेष अनुगमनको प्रबन्ध मिलाइने छ।

४२. सवारी चालक अनुमतिपत्रको प्रदेशमा नै छपाई र गुणस्तरीय नियमनको व्यवस्था मिलाइनेछ। यातायात क्षेत्रलाई सुरक्षित र पुहँचयोग्य बनाई यस सम्बन्धी सेवा प्रवाह र अभिलेख प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाइनेछ।

## ऊर्जा, सिँचाई तथ खानेपानी

४३. एकीकृत जलस्रोत विकास कार्यक्रम, जलाशय कार्यक्रम र टारमा आधारित सिँचाई कार्यक्रमहरुलाई समन्वयात्मक रुपमा सञ्चालन गरिनेछ। नदी तथा खोला क्षेत्रको जमिन कटान

नियन्त्रणका लागि नदी नियन्त्रण तथा जमिन उकास कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

४४. उज्यालो गण्डकी अभियानलाई निरन्तरता दिइनेछ। राष्ट्रिय प्रसारण लाइन नपुगेको स्थानमा रहेका सामुदायिक लघु जलविद्युत आयोजानाको आवश्यकतानुसार मर्मत संभार कार्यलाई प्राथमिकतामा राखिनेछ।

## कानून तथा सुशासन

४५. निर्माण गर्न बाँकी प्रादेशिक कानूनको तर्जुमा सम्बन्धी कार्यलाई विशेष प्राथमिकताका साथ अगाडि बढाइनेछ। कानून निर्माण र कार्यान्वयनको उत्तरविधायिकी परीक्षण र सरकारी प्रतिवद्धता कार्यान्वयनको अवस्था अध्ययन गरी प्राप्त निष्कर्षका आधारमा नीतिगत सुधारलाई निरन्तरता दिइनेछ।

४६. प्रमाणमा आधारित नीति निर्माणका लागि प्रादेशिक तथ्याङ्क प्रणालीको विकास तथा विस्तार गरिनेछ। आयोजनाहरुको अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाइनेछ। सार्वजनिक सेवा प्रवाहलाई सूचना प्रविधिको प्रयोगमार्फत सरल, पहुँचयोग्य र गुणस्तरीय बनाउने गरी कार्यसम्पादन सुधार गरिनेछ। शासन प्रणालीको प्रभावकारिता मार्फत समावेशी आर्थिक रुपान्तरण गर्न सार्वजनिक युवा लक्षित सार्वजनिक सुशासन कार्यक्रम सञ्चालन मा जोड दिइनेछ।

४७. प्रदेशको शान्ति सुरक्षा र विपद् व्यवस्थापन कार्यका लागि विशेष प्राथमिकता दिइनेछ। विपद् पूर्वसूचना प्रणालीको विकास, सुरक्षित बसोबास प्रवर्द्धन, विपद् प्रतिकार्यका लागि आवश्यक उपकरण एवं जनशक्ति विकासका कार्यक्रम सञ्चालन गरिने छ।

**सार्वजनिक वित्त व्यवस्थापन**

४८. बजेट प्रणालीको सुदृढीकरणको लागि स्रोत व्यवस्थापन तथा बजेट कार्यान्वयन दक्षता अभिवृद्धिमा जोड दिइनेछ। तयारी पुरा भएका, प्रतिफल दर उच्च भएका रणनीतिक महत्त्वका आयोजनामा लगानी केन्द्रित गरिनेछ। आगामी आर्थिक वर्षमा सम्पन्न हुने आयोजनाको लागि पर्याप्त बजेटको प्रबन्ध मिलाइनेछ। समग्र प्रदेशको विकास र समुन्नतिका लागि नवीनतम् स्रोतहरूको पहिचान र विकास, करको दायरा विस्तार र कर प्रशासनको सुदृढीकरण गरी आन्तरिक राजस्व वृद्धि परिचालनमा विशेष जोड दिइनेछ।प्रदेश सरकार अन्तर्गत राजश्व प्रशासन हेर्ने कार्यालयको स्थापना गरिनेछ। राजश्वको लक्ष्यका आधारमा प्राप्त प्रगतिलाई कार्यसम्पादनको सूचक मानी कार्यालयहरुलाई प्रोत्साहन गर्ने प्रबन्ध मिलाईनेछ।

**माननीय सभामुख महोदय,**

४९. आवधिक योजनामा उल्लेखित प्रादेशिक लक्ष्य हासिल हुने गरी दिगो भौतिक पूर्वाधार निर्माण, सुशासन तथा प्रभावकारी

सार्वजनिक सेवा प्रवाहमा आगामी बजेट केन्द्रित रहने विषय माननीय सदस्यहरुलाई जानकारी गराउन चाहन्छु।

५०. अन्तमा, प्रस्तुत सिद्धान्त र प्राथमिकतामाथि छलफलको क्रममा माननीय सदस्यज्यूहरुबाट प्राप्त हुने पृष्ठपोषणलाई महत्त्वपूर्ण मार्गदर्शकको रुपमा लिई आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्ने विश्वास दिलाउँछु। विनियोजनमा कुशलता र बजेट प्रणालीमा अनुशासन कायम गर्दै अर्थतन्त्रमा थप आशा र विश्वास जगाउन आगामी आर्थिक वर्षको बजेटले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्नेमा विश्वस्त छु।

**धन्यवाद !**